# न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना
# २०७५/०७६

सर्वोच्च अदालत

न्यायमा पहुँच आयोग

२०७५

# परिच्छेद एक

## १. पृष्ठभूमि-

लोकतान्त्रिक शासन व्यवस्थाको प्रभावकारिताका लागि न्याय प्रणालीको प्रभावकारिता त्यतिकै महत्तवपूर्ण हुन्छ। अदालत तथा न्यायिक निकायहरूबाट प्रदान गरिने सेवाहरू उपयोग गर्ने क्षमता सबै व्यक्तिमा समान नरहेको कुरा विभिन्न समयमा भएका अध्ययन अनुसन्धानले देखाएको छ। यही असक्षमताका कारण नै केही वर्गका व्यक्तिहरू न्यायको पहुँचबाट टाढा रहेका छन्। अदालत तथा न्यायिक निकायमा प्रवेश गरेका सेवाग्राहीहरूले पनि त्यहाँबाट प्रदान गरिने सेवा सहज, सुलभ एवं प्रभावकारी हुन नसकेको गुनासो समेत व्यक्त गर्ने गरेको अवस्था छ। न्यायसम्मको सहज पहुँचमा नरहेका महिला, विपन्न तथा असहायलाई र न्यायिक निकायहरूमा प्रवेश गरेका सेवाग्राहीहरूलाई प्राथमिकता साथ न्यायमा सहज  पहुँच उपलब्ध गराउनु राज्यको दायित्व हो। न्यायिक संरचना तथा प्रक्रियामुखी कानूनी व्यवस्था र झन्झटिलो कार्यविधिको पालना गर्नुपर्ने अवस्थाका कारणबाट पनि सेवाप्रवाहमा प्रभावकारिता आउन नसकेको देखिन्छ।

न्यायपालिकाको प्रमुख काम न्यायसम्पादन गर्नु हो। तथापि न्यायका आकांक्षीहरूको न्याय प्राप्त गर्नेक्रममा भोगेका विभिन्न समस्याहरूलाई न्यायपालिकाले अन्देखा गर्न मिल्दैन। यसै भावना अनुरुप न्यायपालिकाले राज्यका विभिन्न अंगहरू कार्यापालिका, व्यवस्थापिका तथा सरोकारवाला निकायहरूसँग समन्वय गरी जनताको न्यायमा सहज पहुँचको वातावरण बनाउन आवश्यक देखिएको छ। विवाद समाधानका लागि सक्षम र प्रभावकारी निकायहरूको उपलब्धता र सेवाग्राहीहरूले त्यस्ता निकायहरूबाट सेवा लिन सक्षम बनाउने भूमिका न्यायमापालिकामा समेत रहन्छ।

पछिल्ला दिनहरूमा न्यायपालिकाको सुधारको काम हुँदै आएका छन्। न्यायपालिकाको कामलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले २०६१ सालदेखि पञ्चवर्षीय रणनितिक योजनाको तर्जुमा गरी कार्यान्वयन गरिदै आएको छ। न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१/०७२-२०७५/०७६) ले चारवटा लक्ष्यलाई आत्मसाथ गरेको छ। जसमा पहिलो न्याय सम्पादनको कार्यलाई छिटोछरितो तुल्याउने, दोस्रो न्यायिक प्रक्रियालाई अनुमान योग्य बनाउने, तेस्रो न्याय प्रणालीलाई पहुँचयोग्य बनाउने र चौथो न्यायपालिका प्रति जनआस्था र विश्वास अभिवृद्धि गर्ने रहेका छन्। न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले अन्य लक्ष्यका अतिरिक्त न्याय प्रणालीलाई पहुँच योग्य बनाउन भनी लिएको लक्ष्य पूरा गर्न विभिन्न रणनीतिहरू अवलम्बन गरेको छ। जसमाः-

१. आर्थिक रूपले विपन्न नागरिकहरूका निम्ति न्यायिक सेवामा लाग्ने गरेका दस्तुरहरू पुनरावलोकन गरी सुलभ व्यवस्था गर्ने,
२. न्यायिक कार्यविधिलाई सरल बनाउने,
३. अदालतबाट प्रदान गरिने कानूनी सहायता प्रणालीलाई प्रभावकारी बनाउने,
४. मेलमिलाप प्रक्रियाद्वारा विवाद समाधान गर्ने प्रणालीलाई प्रभावकारी बनाउने,
५. अदालतका भौतिक सुविधाहरू सेवाग्राहीहरूका आवश्यकता अनुरूप तुल्याउने।

न्यायमा पहुँच भनेको उपयुक्त निकायमार्फत न्याय खोज्न र प्राप्त  गर्न सकिने अवस्थाको सुनिश्चितता नै हो। न्यायमा पहुँचको लागि आफ्नो हक हितको रक्षा गर्न वा आफूलाई अन्याय हुँदा न्यायको खोजी गर्न सक्ने क्षमता व्यक्तिमा हुन आवश्यक छ। त्यसैगरी न्याय प्रदान गर्ने निकायको सक्षमता, प्रभावकारीता लगायत न्यायको खोजी र प्राप्ति गर्ने सन्दर्भमा उपयुक्त वातावरणको सुनिश्चितता र उपलब्धताको प्रत्याभूतिसमेत त्यतिकै अपरिहर्य हुन्छ।

अदालतमा सेवा लिन आउने सेवाग्राहीहरू समान हैसियतका नहुन सक्दछन। खासगरी आर्थिक, सामाजिक, सास्कृतिक, भौगोलिक तथा शैक्षिक कारणले पछाडि परेका व्यक्तिहरू न्यायसम्मको पहुँचबाट टाढा रहने अवस्था आउन सक्छ। त्यस्ता लक्षित वर्गका व्यक्तिहरूलाई न्यायसम्मको सहज पहुँच पुऱ्याउने राज्यको दायित्व हो। लक्षित वर्गका व्यक्तिहरूलाई न्यायमा सहज पहुँचको सुनिश्चितता पुऱ्याउने उद्देश्यकासाथ न्यायपालिकाकै प्रयासमा स्पष्ट कार्यदिश सहित सम्माननीय प्रधान न्यायाधीशको अध्यक्षतामा वि.सं. २०७२।०४।१० गते सर्वोच्च अदालतमा रहने गरी न्यायमा पहुँच आयोग गठन भई कार्यसम्पादन हुँदै आएको छ।

२. **कार्यदिशः** आयोगलाई देहायबमोजिमको कार्यदिश रहेको छ :

क) महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूलाई समाजको समान सदस्यको रूपमा तिनीहरूलाई प्राप्त हक अधिकारबारे सचेतना कार्यक्रम सञ्चालन गर्ने।

ख) कानूनी हक अधिकारहरूको उपभोग गर्ने र न्यायिक उपचार संयन्त्रहरूको प्रयोग गर्ने क्षमता अभिवृद्धिका लागि रणनीतिगत योजना तय गरी कार्यान्वयन गर्ने।

ग) न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली (Support system) को विकास गर्ने।

घ) न्यायको पहुँचमा  रहेका अवरोधक तत्त्वहरू पहिचान गरी सोको न्यूनीकरणका लागि आवश्यक उपायहरू अवलम्बन गर्ने गराउने।

ङ) महिला, विपन्न असहाय र असक्षम वर्गका व्यक्तिहरूको कानूनी आवश्यकताहरूको पहिचान गरी न्यायमा पहुँच अभिवृद्धिका लागि चाल्नुपर्ने नीतिगत परिवर्तनका सम्बन्धमा सुझाव दिने।

च) न्यायमा पहुँच अभिवृद्धि गर्ने सिलसिलामा कार्यरत विभिन्न संघ संस्थाहरूसँग समन्वय गर्ने।

### ३. आ.व.२०७४/०७५ मा सम्पन्न भएका कार्यक्रमहरू-

न्यायमा पहुँच आयोगले हरेक आर्थिक वर्षको लागि वार्षिक कार्ययोजना निर्माण गरी सोहीबमोजिम आफ्ना क्रियाकलापहरू सन्चालन गर्दै आएको छ। न्यायमा पहुँच आयोगले लक्षित वर्गका व्यक्तिहरूलाई न्यायमा सहज पहुँच पुऱ्याउने उद्देश्यले आ.व.२०७४/०७५ को कार्ययोजना अनुरुप मुलतः देहायका कार्यक्रमहरू सम्पन्न गरिएको थियो:-

**क) स्थानीय तहका न्यायिक समितिका पधाधिकारीहरूलाई प्रशिक्षण कार्यक्रमः-**

स्थानीय तहका न्यायिक समितिका संयोजकहरूलाई न्यायिक कार्यसम्पादनको क्षमता अभिवृद्धि गरी सुशासन कायम गर्न र न्यायिक प्रक्रिया सरल एवं सहज बनाउने उद्देश्यले न्यायिक कार्यविधिका सम्बन्धमा जानकारी दिन निम्नलिखित स्थानमा *"न्यायमा सहज पहुँचका लागि स्थानीय न्यायिक समितिको भूमिका"* विषययक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका थिए:-

१. मिति २०७४।०९।१४ र १५ गते काभ्रेको धुलिखेलमा काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुली गरी ५ जिल्लाका स्थानीय तहका न्यायिक समितिका ५० जना संयोजकहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।
२. मिति २०७४।१०।१७ र १८ गते पर्साको वीरगंजमा बारा, पर्सा र रौतहट गरी ३ जिल्लाका स्थानीय तहका न्यायिक समितिका ४६ जना संयोजकहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।
३. मिति २०७५।०२।२७ र २८ गते रुपन्देहीको बुटवलमा अर्घाखाँची, गुल्मी, पाल्पा, नवलपरासी, रुपन्देही र कपिलवस्तु गरी ६ जिल्लाका स्थानीय तहका न्यायिक समितिका ६१ जना संयोजकहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।
४. मिति २०७५।०३।२९ र ३० गते दाङको घोराहीमा प्युठान, रोल्पा, रुकुम पूर्वी भाग, दाङ्ग, बाँके र बर्दिया गरी ६ जिल्लाका स्थानीय तहका न्यायिक समितिका ४० जना संयोजकहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।

**ख) न्यायिक तथा अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीहरूलाई सेवाग्राहीहरूसँग गर्नुपर्ने व्यवहारसम्बन्धी प्रशिक्षण कार्यक्रमः-**

न्यायिक तथा अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीहरूलाई सेवाग्राहीसँग गर्नुपर्ने व्यवहारसम्बन्धी जानकारी दिई सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्ने उद्देश्यले देहायबमोजिमका कार्यक्रमहरू सम्पन्न गरिएका थिए:-

१. मिति २०७४।१२।२८ गते मुगुको गमगढीमा मुगु जिल्ला अदालत र मुगुस्थित अर्धन्यायिक निकायमा कार्यरत राजपत्र अनङ्कित कर्मचारीहरूलाई प्रशिक्षण दिइएको थियो। उक्त कार्यक्रममा २५ जना कर्मचारीहरूको सहभागिता रहेको थियो।
२. मिति २०७५।०२।२६ गते रुपन्देहीको बुटवलमा उच्च अदालत तुलसीपुर बुटबल इजलास र बुटवलस्थित अर्धन्यायिक निकायमा कार्यरत राजपत्र अनङ्कित

कर्मचारीहरूलाई प्रशिक्षण दिइएको थियो। उक्त कार्यक्रममा ३९ जना कर्मचारीहरूको सहभागिता रहेको थियो।

३. मिति २०७५।०३।२८ गते दाङको तुलसीपुरमा उच्च अदालत तुलसीपुर र सोही स्थानमा रहेका अर्धन्यायिक निकायमा कार्यरत राजपत्र अनङ्कित कर्मचारीहरूलाई प्रशिक्षण दिइएको थियो। उक्त कार्यक्रममा ३१ जना कर्मचारीहरूको सहभागिता रहेको थियो।

**ग) सरोकारवाला निकायसँगको अन्तरक्रियाः**

न्याय सम्पादनको काम अदालतको एक्लो प्रयासले मात्र सम्भव छैन। न्याय सम्पादनको कामलाई छिटो छरितो र प्रभावकारी बनाउन सरोकारवाला निकायहरूको सहयोग र समन्वय त्यतिकै आवश्यक हुन्छ। सरोकारवाल निकायहरूका बीच आपसी समझदारी विकास गरी न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले देहायबमोजिमका कार्यक्रमहरू सम्पन्न गरिएका थिएः-

१. न्यायमा सहज पहुँच र सरोकारवाला निकाय बीचको समन्वय विषयक अन्तरक्रिया कार्यक्रम मिति २०७४।१२।२६ गते जुम्लामा सरोकारवाला निकायहरूका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न गरिएको थियो।

२. कारागार व्यवस्थापन विभागका महानिर्देशक र काठमाण्डौं उपत्यकामा रहेका कारागार कार्यालयका प्रमुखहरू बीच मिति २०७५।३।२१ गते काठमाडौंमा अन्तरक्रिया सम्पन्न भएको थियो। कारागारमा रहेका बन्दी वा थुनुवाका मुद्दामा भएको फैसला निःशुल्क पाउन सक्ने ब्यवस्था, कैदी वा थुनुवा स्थानान्तरण गर्दा अदालतलाई जानकारी दिनु पर्ने, कैद वा थुनाबाट छुटेको व्यक्तिका अरु मुद्दा पनि विचाराधीन रहेको अवस्थामा त्यस्तो बन्दी वा थुनुवालाई र सम्बन्धित अदालतलाई समेत जानकारी दिने लगायतका विषयहरूमा छलफल भएको थियो।

**घ) जानकारीमूलक पुस्तिका ब्रेललिपिमा प्रकाशन तथा वितरणः**

लक्षित वर्गका हक अधिकारसम्बन्धी देहायबमोजिमका जानकारीमूलक पुस्तिकाहरू ब्रेललिपीमा रुपान्तरित गरी मिति २०७४।६।२७ लोकापर्ण गर्नुका साथै दृष्टिविहिन व्यक्तिहरूलाई वितरण गरिएको थियोः-

१. अदालत र न्याय प्रक्रियासम्बन्धी जानकारी पुस्तिका,

२. न्यायमा पहुँच आयोग संक्षिप्त जानकारी पुस्तिका,

३. अपाङ्ग भएका व्यक्तिको अधिकारसम्बन्धी जानकारी पुस्तिका,

४. असमर्थ तथा आर्थिक रुपले विपन्न नागरिकको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका

**ङ) जनकारीमूलक पुस्तिकाहरू स्थानीय भाषामा प्रकाशन र वितरणः**

लक्षित वर्गका हक अधिकारसम्बन्धी देहाय बमोजिका जानकारीमूलक पुस्तिकाहरू भोजपुरी भाषामा तयार गरी पर्साको विरगंजमा मिति २०७४।१०।१७ गते लोकार्पण हुनुका साथै बारा, पर्सा रौतहट जिल्लाका स्थानीय निकायहरू, उच्च अदालत जनकपुर अस्थायी इजलाश विरगंज र पर्सा जिल्ला अदालतबाट सरोकारवाला व्यक्तिहरूले पाउने गरी वितरणको व्यवस्था मिलाइएको थियो।

१. न्यायमा पहुँच आयोग संक्षिप्त जानकारी पुस्तिका,
२. बालबालिकाको अधिकारसम्बन्धी जानकारी पुस्तिका,
३. असमर्थ पक्ष तथा आर्थिक रुपले विपन्न नागरिकको अधिकार एवम् उपचारसम्बन्धी जानकारी पुस्तिका,
४. जातिय भेदभाव तथा छुवाछुत विरुद्धको अधिकार एवम् उपचारसम्बन्धी जानकारी पुस्तिका,
५. आदिवासी जनजातिको अधिकार एवम् उपचारसम्बन्धी जानकारी पुस्तिका,
६. अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी जानकारी पुस्तिका,
७. देवानी मुद्दामा महिलाको अधिकार एवम् उपचारसम्बन्धी जानकारी पुस्तिका,
८. फौजदारी मुनामा महिलाको अधिकार उवम् उपचारसम्बन्धी जानकारी पुस्तिका र
९. जेष्ठ नागरिकको अधिकार एवम् उपचारसम्बन्धी जानकारी पुस्तिका।

**च) पीडित तथा महिलामैत्री कक्षको स्थापनाः**

काठमाडौ, झापा, मोरङ, धनुषा, चितवन, तनहुँ, रुपन्देही, सुर्खेत र कैलाली जिल्ला अदालतमा पीडितमैत्री कक्ष स्थापना गरी भौतिक साधनको व्यवस्था मिलाइनुका साथै तनहुँ जिल्ला अदालतमा रहेको पीडित मैत्री कक्षलाई इजलाससँग आबद्ध गर्ने कार्यसमेत सम्पन्न गरिएको छ।

**छ) फैसला वा आदेशः** न्यायमा पहुँचसँग सम्बन्धित सर्वोच्च अदालतबाट भएका फैसला वा आदेशहरू संकलन गरी प्रकाशनको चरणमा रहेको छ।

**ज) स्वेच्छिक निःशुल्क कानूनी सेवा *(Pro-bono):*** स्वेच्छिक निःशुल्क कानूनी सेवासम्बन्धी निर्देशिकाको मस्यौदा तयार गरी आवश्यक कार्यका लागि नेपाल बार एसोसियसनमा पठाईएको छ।

**झ) आफ्नो मुद्दामा आफै प्रतिनिधित्व गर्ने *(Pro Se):*** आफ्नो मुद्दामा आफै प्रतिनिधित्व गर्नेसम्बन्धी निर्देशिका २०७५ को मस्यौदा तयार भई आयोगमा पेस हुने चरणमा रहेको छ।

**ञ) इन्टर्नः** अदालतमा इन्टर्न गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको निर्देशिका २०७५ को मस्यौदा तयार भई आयोगमा पेस हुने चरणमा रहेको छ।

**ट) अध्ययन अनुसन्धानः** देहायका विषयमा अध्ययन समूहबाट अध्ययन गरी प्रारम्भिक अध्ययन प्रतिवेदन प्राप्त भएका छन्-

१. जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन, फैसला र फैसला कार्यान्वयनको अवस्थाका सम्बन्धमा अध्ययन प्रतिबेदन।

२. फौजदारी मुद्दामा साक्षीबाट भएका प्रतिकूल बकपत्र (Hostile Witness)सम्बन्धी अध्ययन प्रतिबेदन।

**ठ) कानूनका विद्यार्थीबाट अदालत अवलोकन भ्रमणः-** यस आर्थिक वर्षमा नेशनल ल कलेजबाट BA/LLB प्रथम सेमेस्टरमा अध्ययनरत ५० जना र Intensive International Academy बाट कक्षा ११ मा अध्ययनरत २० जना गरी जम्मा ७० जना विद्यार्थीहरूले यस अदालतको कामकारवाहीको अवलोकन भ्रमण गरेका थिए। अवलोकन गरेका विद्यार्थीको अभिमत सकारात्मक रहेको पाइयो।

## ४. आ.व. २०७४।०७५ मा भएका कार्यक्रमहरूको समीक्षाः-

### क) न्यायिक समितिका पदाधिकारीसँग अन्तरक्रियाः-

नेपालको शासकीय स्वरूप संघीय स्वरूपमा रुपान्तरण भएको छ। संघ, प्रदेश र स्थानीय तहमा तीन तहका सरकार रहेका छन् तर न्यायपालिको स्वरुप भने एकात्मक प्रकृतिको रहेको छ। विकेन्द्रित न्याय र न्यायमा सहज पहुँचका लागि सानातिना विवाद समाधान गर्ने अधिकार संविधान र कानूनद्वारा स्थानीय तहलाई सुम्पिएको छ। नेपालको संविधानको धारा २१७ मा न्यायिक समितिको व्यवस्था गरेको छ। यस समितिले आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपणको लागि गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ। स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) ले आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग जस्ता स-साना प्रकृतिका विवादहरुको न्यायिक निरोपण तथा उपदफा (२) ले सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिचि वा घुसाई खाएको जस्ता प्रकृतिका विवादहरूमा मेलमिलापको माध्यमबाट मात्र निरूपण गर्ने अधिकार न्यायिक समितिलाई दिएको छ।

संविधान तथा कानूनमा रहेको यस व्यवस्थाबाट जनताको न्यायमा सहज पहुँचको अधिकारको संरक्षण हुनुका साथै छिटोछरितो र सुलभ न्याय सम्पादन हुने अपेक्षा राखिएको छ। जनताका विवाद तिनीहरूले नै निर्वाचित गरेका जनप्रतिनिधिबाट समाधान हुने व्यवस्थाले न्यायिक व्यवस्थाको विकेन्द्रीकरण हुन गई जनताको न्यायमा सहज पहुँच कायम हुने अपेक्षा गरिएको छ।

न्याय सम्पादनको कार्य प्राविधिक विषय हो। यस कार्यको लागि कानूनको न्यूनतम् ज्ञान आवश्यक हुन्छ। नेपालको संविधानको धारा १३६ ले न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशलाई दिएको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा ७ को उपदफा (४) ले *"प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो जिल्लाभित्र संघीय कानूनबमोजिम अर्ध न्यायिक निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेश उपर र प्रदेश कानूनबमोजिम गठित स्थानीय स्तरका न्यायिक निकायले गरेको निर्णय वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने अधिकार हुनेछ"* भन्ने व्यवस्था हुनुका साथै सोही ऐनको दफा २१ मा *"पुनरावेदन सुन्ने अदालतले आफ्नो अदालतको न्यायाधीश खटाई मातहतका अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा अधिकारीको कार्यालयको वर्षमा कम्तीमा एक पटक निरीक्षण गर्नु पर्नेछ"* भन्ने कानूनी व्यवस्था छ।

न्यायिक समितले मुद्दामामिलामा दिएको निर्णय उपर सम्बन्धित जिल्ला अदालतले पुनरावेदन सुन्ने तथा ती निकायको न्यायिक काम कारबाहीको निरीक्षण जिल्ला अदालतबाट हुने कानूनी व्यवस्था भएकोले स्थानीय न्यायिक समितिका न्यायिक कार्यहरूमा सरलता र स्पष्टताका लागि न्यायपालिका तथा स्थानीय न्यायिक समिति बीचको आपसी सहकार्य उपयोगि हुन सक्दछ। सम्माननीय प्रधान न्यायाधीश न्यायमा पहुँच आयोगको अध्यक्ष समेत भएको र न्याय प्रशासनको अन्तिम दायित्वसमेत प्रधान न्यायाधीशमा निहित रहेको सन्दर्भमा स्थानीय न्यायिक निकायबाट सम्पादन हुने काम कारबाहीलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन अदालतले स्थानीय न्यायिक समितिका पदाधिकारीहरूलाई न्यायिक कार्यविधिका बारेमा आधारभूत जानकारी दिई सक्षम बनाउन उपयुक्त हुनुका साथै ती निकायमा कार्यरत जनशक्तिलाई समेत तालिम तथा प्रशिक्षणमार्फत सक्षम जनशक्तिको विकास गर्न सर्वोच्च अदालतले उपयुक्त पहल गर्नुपर्ने अवस्थालाई नकार्न मिल्दैन। यही पृष्ठभूमिमा न्यायमा पहुँच आयोगले आफ्नो आ.व. २०७४/०७५ को वार्षिक कार्ययोजनामा न्यायिक समितिका संयोजकहरूलाई लक्षित गरी काभ्रेको धुलिखेलमा, पर्साको विरगन्जमा, रुपन्देहीको बुटवलमा र दाङ्गको दाङ्ग घोराहीमा अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रमहरू सन्चालन गरिएको थियो। न्यायिक कार्य सम्पादनको

क्षमता अभिवृद्धि गरी सुशासन कायम गर्न र न्यायिक प्रक्रिया सरल एवम् सहज बनाउनको लागि स्थानीय न्यायिक समितिलाई लक्षित गरी सन्चालन गरिएका उल्लेखित कार्यक्रमहरू प्रभावकारी रहेको पृष्ठपोषण सहभागिहरूबाट प्राप्त भएको थियो। यस प्रकारका छलफललाई निरन्तरता दिनु पर्ने, प्रशिक्षणको अवधि बढाउनु पर्ने र अभ्यासमूलक प्रशिक्षणमा जोड दिनुपर्ने सुझावहरू समेत सहभागिहरूबाट प्राप्त भएका थिए।

**ख. सेवाग्राहीसँग गर्नुपर्ने व्यवहारसम्बन्धी प्रशिक्षण कार्यक्रमः-**

सेवा प्रदायक निकायहरूले प्रभावकारी रुपमा सेवा प्रवाह गरी सेवाग्राहीलाई सन्तुष्टि दिन सक्नु पर्दछ। सेवाग्राहीको सन्तुष्टिनै सेवा प्रदायक निकायहरूको दायित्व हो। कर्मचारीहरूको कार्य व्यवहारबाट नै त्यस्ता निकायहरूप्रतिको सेवाग्राहीको धारणा बन्दछ। न्यायमा जनताको सहज पहुँच अभिवृद्धि गर्न सेवा प्रदायक निकायमा कार्यरत कर्मचारीहरूको व्यवहारले सेवाग्राहीमा प्रभाव पार्न सक्ने देखिन्छ। बदलिदो परिवेशमा सेवाग्राहीका अपेक्षाहरू धेरै र फरक शैलीका छन्। यही उद्देश्यलाई ध्यानमा राखी सर्वोच्च अदालत न्यायमा पहुँच आयोगद्वारा विभिन्न जिल्लामा **"न्यायिक तथा अर्धन्यायिक निकायमा कार्यरत जनशक्तिलाई सेवाग्राहीसँग गर्नुपर्ने व्यवहारसम्बन्धी प्रशिक्षण कार्यक्रम"** सञ्चालन गर्दै आएको छ। कर्मचारीहरूलाई सकारात्मक सोच, प्रभावकारी सञ्चार, सुशासन, Business Etiquette जस्ता विषयहरूमा प्रशिक्षण तथा अन्तरक्रिया गरिएका थिए। यी विषयहरू उपयोगी रहेको सहभागिहरूबाट संकलित अभिमतबाट पाइएको छ। कार्यक्रमबाट प्राप्त ज्ञान र सीप सही तरिकाले उपयोग गर्न सकिएमा अदालतप्रतिको जनआस्था वृद्धि हुने र अन्ततः त्यसबाट न्यायमा सहज पहुँचको अभिवृद्धि हुने विश्वास लिइएको छ।

**ग. समन्वयात्मक बैठकः-**

न्याय सम्पादनको काम अदालतको एक्लो प्रयासले मात्र सम्भव छैन। न्याय सम्पादनको कामलाई छिटो छरितो र प्रभावकारी बनाउन सरोकारवाला निकायहरूको सहयोग र समन्वय त्यतिकै आवश्यक हुन्छ। सरोकारवाला निकायहरूबाट न्यायसँग सम्बन्धित कार्यहरू प्रभावकारी रुपमा हुन नसकेमा त्यसको असर समग्र न्याय सम्पादनमा नै पर्दछ। तसर्थ न्यायमा सहज पहुँचका विषयमा सरोकारवाला निकायहरूसँगको छलफल र अन्तरक्रियाको पनि त्यतिकै महत्तव रहेको हुन्छ। न्यायिक निकाय र स्थानीय स्तरमा रहेका सरोकारवाला निकायमा प्रमुख एवम् प्रतिनिधिहरूसँग छलफल तथा अन्तरक्रिया गर्दा स्थानीय स्तरमा रहेका समस्याहरूको पहिचान हुनुका साथै समाधानका उपयुक्त उपायहरू पहिलाउन र नीतिगत सुधारका विषयमा समेत मार्गप्रसस्त गर्दछ।

**घ. जानकारीमूलक पुस्तिकाहरू प्रकाशनः-**

लक्षित वर्गका व्यक्तिहरूलाई आफ्ना हकअधिकारहरूको बारेमा सचेत हुन अधिकारहरूको बारेमा सुसुचित हुने र ती अधिकारको उलंघन हुँदा उपचार प्राप्त गर्ने प्रक्रिया स्पष्ट भएमा मात्र उपचारको खोजी गर्न सक्ने हुन्छ। यही उद्देश्यले आयोगले लक्षित वर्गका व्यक्तिहरूका अधिकारसम्बन्धी सामान्य र सरल भाषामा जानकारीमूलक पुस्तिका प्रकाशन गरी वितरण गर्दै आएको छ। दृष्टिविहिन व्यक्तिका लागि अदालत र न्यायिक प्रक्रियासम्बन्धी जानकारी पुस्तिका, न्यायमा पहुँच आयोगसम्बन्धी संक्षिप्त जानकारी पुस्तिका, अपाङ्ग भएका व्यक्तिको अधिकारसम्बन्धी जानकारी पुस्तिका र असमर्थ तथा आर्थिक रुपले विपन्न नागरिकको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिकालाई ब्रेललिपिमा रूपान्तरण गरी प्रकाशन गरिएको छ।

उल्लिखित जानकारीमूलक पुस्तिका भोजपुरी भाषाको बाहुल्यता रहेका बारा, पर्सा र रौतहट जिल्लाका व्यक्तिहरूलाई लक्षित गरी भोजपुरी भाषामा प्रकाशन तथा सम्बन्धित जिल्ला अदालतमार्फत वितरणको व्यवस्था मिलाइएको छ।

**ङ. मैत्री कक्ष स्थापनाः-**

काठमाण्डौं, झापा, मोरङ्ग, धनुषा, चितवन, तनहुँ, रुपन्देही, सुर्खेत र कैलाली जिल्ला अदालतहरूमा पीडित मैत्री कक्ष स्थापना गरी साधन सम्पन्न तुल्याइएको छ। तनहुँ जिल्ला अदालतमा स्थापना गरिएको पीडित मैत्री कक्षलाई इजलाससँग आबद्ध गरिएको छ। काठमाडौं जिल्ला अदालतमा स्तनपान कक्षको स्थापना गरिएको छ। हरेक अदालतमा पीडित मैत्री कक्ष तथा स्तनपान कक्षको स्थापना गर्न सकिएको अवस्थामा त्यस अवस्थाका सेवाग्राहीलाई सहजता पुग्न जाने हुन्छ। गम्भीर र खासखास प्रकृतिका मुद्दाका प्रतिवादी तथा साक्षीहरूलाई सूचना प्रविधिको माध्यमबाट पीडितमैत्री कक्षबाट नै बयान र बकपत्र गर्न सकिने व्यवस्था गरी पिडीतको उपस्थितिलाई परोक्ष बनाउनेतर्फ समेत क्रमशः कार्य गर्दै जानु पर्ने अवस्था छ।

## ५. गत आ.ब. २०७४।७५ को वार्षिक कार्ययोजनामा सम्पन्न हुन नसकेका कार्यक्रमहरू र त्यसको कारणः

न्यायमा पहुँच आयोगले प्राप्त कार्यादेश बमोजिम आ.ब. २०७४।७५ को वार्षिक कार्ययोजनामा ५ वटा लक्ष्य, १४ वटा कार्यक्रम र ८० वटा क्रियाकलापहरू समावेश गरिएको थियो। आ.ब. २०७४।७५ मा न्यायमा पहुँच आयोगबाट पीडितमैत्री कक्षको स्थापना, न्यायिक तथा अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीहरूलाई सेवाग्राहीसँग गर्नुपर्ने व्यवहारसम्बन्धी प्रशिक्षण कार्यक्रम, स्थानीय तहमा रहेका न्यायिक समितिका संयोजकहरूलाई प्रशिक्षण कार्यक्रम,

न्यायमा पहुँच र सरोकारवाला निकाय बीचको समन्वय विषयक अन्तरक्रिया कार्यक्रम, न्यायमा सहज पहुँचका लागि रहेको अवरोधक तत्त्वहरूको पहिचान गर्न अध्ययन अनुसन्धान, समन्वय वैठक, लक्षित वर्गका व्यक्तिहरूको हक अधिकारसम्बन्धी जानकारीमूलक पुस्तिकाहरू ब्रेल लिपि र भोजपुरी भाषामा प्रकाशन गरी वितरण गरी प्रचार प्रसार गर्ने जस्ता कार्यक्रमहरू संचालन भएका छन्। आफ्नो मुद्दामा आफै प्रतिनिधित्व *(Pro Se )* सम्बन्धी निर्देशिका र अदालतमा इन्टर्न गर्नेसम्बन्धी निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार गर्नेलगायतका कार्यहरू सम्पन्न भएका छन।

न्यायमा पहुँच आयोगले आफ्नो वार्षिक कार्ययोजनामा समावेश भएका कतिपय कार्यहरू विभिन्न कारणले समयमै सम्पादन हुन नसकेको अवस्था समेत विद्यमान छ। न्यायमा पहुँच आयोगसम्बन्धी कानूनी संरचनाको विकास, लक्षित वर्गका अधिकारसम्बन्धी सचेतना कार्यक्रम, लक्षित वर्गका व्यक्तिका अधिकारसम्बन्धी श्रव्यदृश्य सामग्री उत्पादन र प्रसारण, निःशुल्क कानूनी सहायताको प्रचार प्रसार, पीडितमैत्री कक्षलाई इजलाससँग आबद्ध गर्ने, अपराध पीडितलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने, *Pro-Bono* सेवालाई संस्थागत गर्ने, सोधपुछ/सहायता कक्षलाई प्रभावकारी बनाउने, न्यायमा पहुँचसँग सम्बन्धित सरोकारवाला नियकायहरूसँग समन्वय गर्ने, वैतनिक कानूनी व्यवसायी र कानूनी सहायता समितिमा कार्यरत कर्मचारीहरूको क्षमता विकाससम्बन्धी कार्यक्रम, न्यायमा पहुँच अभिवृद्धिको क्षेत्रमा कार्यरत संस्थाहरूसँग समन्वय गर्ने र सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने जस्ता कार्यहरू सम्पन्न हुन सकेनन्। आयोगलाई प्राप्त कार्यादेश बमोजिम सम्पादित कार्यबाट केही उपलब्धी हासिल गरेको भए तापनि वार्षिक कार्ययोजनामा समावेश भएका कतिपय कार्यक्रमका लागि आवश्यक बजेट प्राप्त हुन नसक्नु, पर्याप्त कर्मचारी व्यस्थापन हुन नसक्नुका साथै अदालतमा कार्यरत जनशक्ति संघ र प्रदेश सभा तथा स्थानीय तहको निर्वाचनमा संलग्नता हुन परेको कारण समेतबाट उल्लिखित कार्यहरू प्रभावित हुन गएको देखिएको छ। ती क्रियाकलापहरूलाई चालु आ.व. को कार्ययोजनामा समावेश गरी निरन्तरता दिइएको छ।

## परिच्छेद दुई

### २.१ आ.व. २०७५/७६ को कार्ययोजनाले लिएका लक्ष्यहरूः

न्यायमा पहुँच आयोगलाई प्राप्त कार्यदिशसमेतलाई आधार मानी आ.ब. २०७५/७६ का लागि देहायबमोजिमका लक्ष्यहरू निर्धारण गरी सो अनुरूपका क्रियाकलापहरू सञ्चालन गर्ने योजना रहेको छ -

१) न्यायमा पहुँचका अवरोधक तत्त्वहरूको पहिचान गरी सम्बोधन गर्ने,

२) लक्षित वर्ग (महिला, विपन्न, असहाय र असक्षम) का व्यक्तिको न्यायमा पहुँच अभिवृद्धि गरी सशक्तीकरणका लागि कानूनी आधारको विकास गर्ने,

३) न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली (Support System) को विकास गर्ने, र

४) न्यायमा पहुँच अभिवृद्धिका लागि विभिन्न निकाय र संस्थासँग समन्वय र सहजीकरण गर्ने।

### २.२ न्यायमा पहुँच आयोगको आ.व. २०७५/७६ को वार्षिक कार्ययोजना —

माथि २.१ मा उल्लेख गरिएका लक्ष्यका आधारमा आ.व. २०७५/७६ का लागि देहायबमोजिमका कार्यक्रमहरू सञ्चालन गरिनेछ-

**लक्ष्य १: न्यायमा पहुँचका अवरोधक तत्त्वहरूको पहिचान र सम्बोधन गर्ने-**

| कार्यक्रम १.१: न्यायको पहुँचमा रहेका अवरोधक तत्त्वहरूको पहिचान र सम्बोधन गर्ने | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यसम्पादन सूचक | कार्यसम्पन्न हुने समय |
| १ | न्यायको पहुँचमा देखिएका सामाजिक, सांस्कृतिक तथा पारिवारिक अवरोधक तत्त्वहरू पहिचान गर्ने/गराउने। | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, | निर्णय/ अध्ययन प्रतिवेदन | २०७५ माघ |
| २ | कारागारमा रहेका महिला बन्दीहरूको अवस्था र पुनर्स्थापनासम्बन्धी अध्ययनलाई निरन्तरता दिने। | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय | अध्ययन प्रतिवेदन | २०७५ फाल्गुण |
| ३ | मुद्दा मामिलामा संलग्न हुन परेको कारणबाट पक्षहरूले वा पीडितहरूले | आयोग | सर्वोच्च अदालत | निर्णय पत्राचार | २०७५ मङ्सिर |

| | | | | | |
|---|---|---|---|---|---|
| | बेहोर्नु पर्ने खर्चकोसम्बन्धी प्राप्त प्रतिवेदन अध्ययन गरी तत्सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाउने। | | | | |
| ४ | अर्धन्यायिक निकायले प्रदान गर्ने सेवामा पक्षहरूकालागि लाग्ने खर्च, मुद्दाको कारवाहीमा लाग्ने समय तथा प्रक्रियागत जटिलताको अवस्थासम्बन्धी प्राप्त प्रतिवेदन अध्ययन गरी तत्सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाउने। | आयोग / सचिवालय | सर्वोच्च अदालत | निर्णय पत्राचार | २०७५ फागुन |
| ५ | लक्षित वर्गको हक अधिकारको प्रर्वद्धन र संरक्षणसँग सम्बन्धित फैसला/निर्देशनात्मक आदेशको कार्यान्वयनको स्थितिको अध्ययन गरी त्यसको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने। | आयोग/ सचिवालय | सर्वोच्च अदालत कानून मन्त्रालय | पत्राचार | २०७६ बैशाख |

**लक्ष्य २ः लक्षित वर्गका व्यक्तिहरूको न्यायमा पहुँच अभिवृद्धि एवं सशक्तीकरणका लागि कानूनी आधारको विकास गर्ने-**

| **कार्यक्रम २.१ लक्षित वर्गका व्यक्तिको हक अधिकारसम्बन्धी शिक्षा सचेतनामूलक सामग्री प्रकाशन गर्ने** | | | | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **कार्यसम्पादन सूचक** | **कार्यसम्पन्न हुने समय** |
| १ | आयोगबाट तयार भएका लक्षित वर्गका अधिकारसम्बन्धी जानकारीमूलक पुस्तिकाहरू (leaflets) लाई परिमार्जन गरी विभिन्न भाषामा प्रकाशन गर्ने। | आयोग | सर्वोच्च अदालत | छपाइ/ वितरण | २०७५ फाल्गुण |
| २ | लक्षित वर्गका व्यक्तिका अधिकारसम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने। | आयोग | सर्वोच्च अदालत | प्रतिवेदन | २०७५ चैत |
| ३ | स्थानीय तहमा न्यायमा पहुँचको अवस्थाका सम्बन्धमा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया गर्ने। | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय | प्रतिवेदन | २०७६ असार |
| ४ | अदालती प्रक्रिया, कार्यविधिका बारेमा जानकारीमूलक पुस्तिका प्रकाशन र वितरणको व्यवस्था मिलाउने। | आयोग | सर्वोच्च अदालत | पुस्तिका तयार/वितरण | २०७५ फागुन |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | न्यायमा पहुँचसँग सम्बन्धित सर्वोच्च अदालतका फैसला तथा आदेशहरूको प्रकाशन गर्न समन्वय गर्ने। | आयोग/सचिवालय | सर्वोच्च अदालत | पुस्तक प्रकाशन | २०७५ फागुन |
| **क्रियाकलाप नं. २.२- लक्षित वर्गका हक अधिकारसम्बन्धी कानूनमा आवश्यक सुधारको लागि समन्वय तथा सहजीकरण गर्ने** | | | | | |
| १ | लक्षित वर्गका व्यक्तिहरूको हक, अधिकारबारे स्थानीय तहमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न समन्वय गर्ने। | आयोग/ सचिवलाय | सर्वोच्च अदालत, कानून मन्त्रालय | प्रतिवेदन | निरन्तर |
| २ | आयोगले गरेका कार्ययोजनाका बारेमा पत्रकारसँग अन्तरक्रिया सञ्चालन गर्ने। | आयोग/ सचिवालय | सर्वोच्च अदालत, | अन्तरक्रिया कार्यक्रम | २०७५ पौष |
| ३ | सबै तहका अदालतमा अदालती प्रक्रियाका सम्बन्धमा वार्षिक रुपमा कम्तिमा एकपटक अभिमुखीकरण कार्यक्रम सन्चालन गर्ने। | आयोग/ सचिवालय | सर्वोच्च अदालत, | अभिमुखीकरण कार्यक्रम | २०७६ बैशाख |
| **कार्यक्रम २.३- अदालतमा आफैं प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूका लागि विशेष सेवा उपलब्ध गराउने** | | | | | |
| १. | आफ्ना मुद्दामा आफैं प्रतिनिधित्व गर्ने निर्देशिका बनाई कार्यान्वयनमा सहजीकरण गर्ने। | आयोग | सर्वोच्च अदालत | निर्णय/परिपत्र | २०७५ पौष |
| २. | आफ्ना मुद्दामा आफैं प्रतिनिधित्व गर्ने निर्देशिकाका बारेमा न्यायाधीश तथा कर्मचारीहरूलाई अभिमुखीकरण तथा तालिम सञ्चालन गर्ने गराउने। | आयोग | सर्वोच्च अदालत, राष्ट्रिय न्यायिक प्रतिष्ठान | प्रतिवेदन | २०७५ चैत्र |

**लक्ष्य ३: न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली (Support System) को विकास गर्ने-**

| | | | | | |
|---|---|---|---|---|---|
| **कार्यक्रम ३.१: नेपाली भाषा राम्रोसँग नजान्ने पक्ष वा साक्षीका लागि अदालतमा अनुवादकको सेवा उपलब्ध गराउने** | | | | | |
| **सि.नं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **कार्यसम्पादन सूचक** | **कार्यसम्पन्न हुने समय** |
| १ | विभिन्न अदालतमा दोभाषे सेवा प्रदान गर्न सूचीकृत व्यक्तिहरूको विवरण निरन्तर रूपमा अध्यावधिक गर्ने। | आयोग /सचिवालय | सर्वोच्च अदालत | अनुवादकको सूची | निरन्तर |
| २ | अदालतमा साङ्केतिक भाषाको प्रयोगसम्बन्धी अध्ययन प्रतिवेदनका आधारमा निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउने। | आयोग /सचिवालय | सर्वोच्च अदालत | निर्देशिका | २०७५ फागुन |
| ३ | साङ्केतिक भाषाको निर्देशिका तयार भएपछि सो भाषाका विज्ञको रोस्टर तयार गर्ने, गराउने। | आयोग /सचिवालय | सर्वोच्च अदालत | सूचीकृत | २०७५ चैत |
| **कार्यक्रम ३.२ पीडित मैत्री कक्ष र पीडितका लागि मनोपरामर्श सेवा उपलब्ध गराउने** | | | | | |
| १ | मुद्दाको बढी चाप भएका अदालतमा पीडित मैत्री कक्ष/महिला मैत्रीकक्ष स्थापना गरी सो कक्षलाई इजलाससँग आबद्ध गर्ने कार्यलाई निरन्तरता दिने। | आयोग /सचिवालय | सर्वोच्च अदालत | कक्षको स्थापना | निरन्तर |
| २ | अपराध पीडितलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन आवश्यक समन्वय गर्ने। | आयोग /सचिवालय | सर्वोच्च अदालत, कानून मन्त्रालय, महिला मन्त्रालय, म.न्या.का. | परामर्श सेवा | निरन्तर |
| **कार्यक्रम ३.३ निःशुल्क कानूनी सहायता सेवालाई एकीकृत रूपमा प्रभावकारी बनाउने** | | | | | |
| १. | स्वेच्छिक निःशुल्क कानूनी सेवा (Pro bono) लाई संस्थागत गर्न आवस्यक समन्वय र सहजीकरण गर्ने। | आयोग /सचिवालय | सर्वोच्च अदालत, कानून मन्त्रालय, ने. बा. ए. | समन्वय बैठक, पत्राचार | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | वैतनिक कानून व्यवसायीहरू र जिल्ला कानूनी सहायता समितिमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न आवस्यक समन्वय र पहल गर्ने। | आयोग /सचिवालय | सर्वोच्च अदालत, कानून मन्त्रालय, ने.बा.ए. | प्रतिवेदन | २०७६ जेठ |
| ३. | निःशुल्क कानूनी सहायताका बारेमा जानकारीमूलक सामग्रीहरू स्थानीय निकाय र जनसम्पर्क हुने कार्यालयहरूमार्फत वितरणको व्यवस्था मिलाउने। | सचिवालय | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए. | पत्राचार | निरन्तर |
| ४. | निःशुल्क कानूनी सहायतालाई एकीकृत र प्रभावकारी ढंगले सञ्चालन गर्न समन्वय र सहजीकरण गर्ने। | सचिवालय | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., | प्रतिवेदन/पत्राचार | २०७६ आसार |
| **कार्यक्रम ३.४ अदालतमा सेवाग्राहीमैत्री वातावरणको प्रवर्द्धन गर्ने** | | | | | |
| १. | प्रत्येक अदालतमा रहेका सोधपुछ तथा सहायता कक्षलाई थप प्रभावकारी बनाउने। | आयोग | सर्वोच्च अदालत | साधन स्रोत प्राप्ति | निरन्तर |
| २. | सामान्य प्रकृतिका निवेदनका ढाँचाहरू (टेमप्लेट) को प्रयोगलाई थप सहज बनाउन आवस्यक कार्य गर्ने। | आयोग /सचिवालय | सर्वोच्च अदालत | पत्राचार | निरन्तर |
| ३. | लक्षित वर्गका सेवाग्राहीहरूलाई अदालतबाट प्रदान हुने सेवा सुविधा उपलब्ध गराउनका लागि समन्वय गर्ने। | सचिवालय | सर्वोच्च अदालत | पत्राचार | निरन्तर |
| ४. | एक घण्टाभित्र प्रदान गरिने सेवाहरूको प्रभावकारिताका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने। | आयोग /सचिवालय | सर्वोच्च अदालत, मातहत अदालतहरू | अनुगमन प्रतिवेदन | निरन्तर |
| ५. | अदालतका कर्मचारीले दिएको सेवाको गुणस्तरको बारेमा सेवाग्राहीको अभिमत संकलन गर्ने व्यवस्था मिलाउने। | आयोग /सचिवालय | सर्वोच्च अदालत | अनुगमन प्रतिवेदन | निरन्तर |
| ६. | सेवाग्राहीको गुनासो सुनुवाइसम्बन्धी व्यवस्था प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने। | आयोग | सर्वोच्च अदालत | प्रतिवेदन | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| **कार्यक्रम ३.५ न्यायमा पहुँच अभिवृद्धिका लागि सूचना प्रविधिको विकास गर्ने** | | | | | |
| १. | उच्च अदालतका रजिस्ट्रार, जिल्ला अदालतका स्रेस्तेदार तथा वैतनिक कानून व्यवसायीको नाम र सम्पर्क नम्बरसहितको विवरण मोबाइलबाट प्राप्त गर्ने एप्लिकेसनलाई परिष्कृत गरी सरुवा वा नियुक्ति भएकै बखत स्वतः नाम र सम्पर्क नम्बर अध्यावधिक हुने व्यवस्था मिलाउने। | आयोग /सचिवालय | सर्वोच्च अदालत | निर्माण | २०७५ मंसिर |
| २. | आयोगको वेबसाइट निर्माण गर्ने। | आयोग | सर्वोच्च अदालत | वेबसाइट निर्माण | २०७५ चैत्र |
| **कार्यक्रम ३.६ क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने** | | | | | |
| १. | लक्षित वर्गका व्यक्तिका हक, अधिकार तथा न्यायिक उपचारका विषयमा स्थानीय तहका पदाधिकारी, शिक्षक, विद्यार्थी सामाजिक परिचालकहरूलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा सहजीकरण गर्ने। | आयोग /सचिवालय | सर्वोच्च अदालत, कानून मन्त्रालय, प्रशिक्षण प्रदायक निकाय | प्रशिक्षण कार्यक्रम | २०७५ चैत |
| २. | न्यायिक तथा अर्धन्यायिक निकायमा कार्यरत जनशक्तिलाई सेवाग्राहीसँग गर्नुपर्ने व्यवहारका सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने। | आयोग /सचिवालय | सर्वोच्च अदालत, म.न्या.का., | प्रशिक्षण कार्यक्रम | २०७६ असार |
| ३. | विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनीयता कायम गर्ने निर्देशिकाको प्रभावकारी कार्यान्वयनको लागि प्रशिक्षणको व्यवस्था गर्ने, गराउने। | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए, | प्रशिक्षण कार्यक्रम | २०७५ पुस |
| ४. | सोधपुक्ष तथा सहायता कक्षमा रहने र अन्यकर्मचारीलाई पीडितमैत्री/महिलामैत्री/ बालमैत्री व्यवहारका साथै न्यायमा पहुँचका सम्बन्धमा जानकारी दिने उद्देश्यले प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, गराउने। | आयोग / सचिवालय | सर्वोच्च अदालत, कानून मन्त्रालय, प्रशिक्षण प्रदायक निकाय | प्रशिक्षण कार्यक्रम | २०७६ असार |
| ५. | स्थानीय तहका न्यायिक समितिका पदाधिकारीरूलाई न्यायिक कार्यविधिका | आयोग / | सर्वोच्च अदालत, कानून मन्त्रालय, | निर्णय प्रतिवेदन | २०७६ असार |

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालनमा समन्वय र सहजीकरण गर्ने | सचिवालय | संघीय मामिला मन्त्रालय | | |
| ६. | लक्षित वर्गका व्यक्तिका अधिकारसम्बन्धी प्रदेश स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सन्चालन गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, | प्रशिक्षण कार्यक्रम | २०७६ बैशाख |

**लक्ष्य ४: न्यायमा पहुँच अभिवृद्धिका सम्बन्धमा विभिन्न निकायसँग समन्वय र सहजीकरण गर्ने-**

| **कार्यक्रम ४.१ सरकारी निकायहरूसँग समन्वय र सहजीकरण गर्ने** | | | | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **कार्यसम्पादन सूचक** | **कार्यसम्पन्न हुने समय** |
| १. | न्यायमा पहुँचका सम्बन्धमा संघीय तथा प्रादेशिक मन्त्रालय, स्थानीय तह एवम् सरोकारवाला निकायका पदाधिकारीहरूसँग समन्वय/अन्तरक्रिया गर्ने | आयोग | सर्वोच्च अदालत, संघीय तथा प्रादेशिक मन्त्रालय, स्थानीय तह | समन्वय/ अन्तरक्रिया | निरन्तर |
| २. | अपराध पीडित व्यक्तिलाई कानूनबमोजिम अदालतबाट दिलाउनु पर्ने क्षतिपूर्ति, तत्काल राहतका विषय, सरकारी साक्षीले पाउने सुविधा समयमै उपलब्ध भएको सुनिश्चित गर्ने सम्बन्धमा समन्वय गर्ने। | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, महिला मन्त्रालय, म.न्या.का., गृह मन्त्रालय | अनुगमन प्रतिवेदन | निरन्तर |
| ३. | सरकारवादी मुद्दाका साक्षीहरूको सुरक्षा, अदालतमा पेस भएका व्यक्तिगत सामान फिर्तालगायतका विषयमा सम्बद्ध निकायसँग समन्वय गर्ने। | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का, प्रहरी प्रधान कार्यालय | समन्वय बैठक | २०७५ मंसिर |
| ४. | मेलमिलापसम्बन्धी कार्यलाई न्यायमा पहुँचसँग आबद्ध गरी न्यायमा पहुँच अभिवृद्धिका लागि कार्यरत संस्थाहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने, गराउने। | आयोग | सर्वोच्च अदालत, मेलमिलाप परिषद् | समन्वय बैठक | २०७६ जेठ |

| कार्यक्रम ४.२ कानून र न्यायको क्षेत्रमा कार्यरत संघसंस्थासँगको समन्वय र सहजीकरण गर्ने | | | | | |
|---|---|---|---|---|---|
| १ | अदालतमा इन्टर्न गराउने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धमा निर्देशिका बनाई कार्यान्वयनमा सहजीकरण गर्ने। | आयोग /सचिवालय | सर्वोच्च अदालत, कानून मन्त्रालय, विश्वविद्यालयहरू | निर्णय/पत्राचार | २०७५ पुस |
| २ | विश्वविद्यालय, विद्यालयका विद्यार्थीलाई अदालतबाट सम्पादित हुने काम कारवाहीको अवलोकन गर्ने व्यवस्थाका लागि समन्वय र सहजीकरण गर्ने। | आयोग | सर्वोच्च अदालत, विश्वविद्यालयहरू | अभिलेख | निरन्तर |
| ३ | सरकारी तथा गैर सरकारी संघ संस्थासँग न्याय र कानूनको क्षेत्रमा सहकार्य, समन्वय र सहजीकरण गर्ने। | आयोग | सर्वोच्च अदालत | निर्णय/प्रतिवेदन | निरन्तर |